# लिखु पिके गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

चौंरीखर्क, सोलुखुम्बु
कोशी प्रदेश, नेपाल

प.सं.: ०८१/८२
च.नं.:

मिति : २०८२/०२/२९

**विषयः तह वृद्धिको लागि निवेदन पेश गर्ने सम्बन्धी सूचना ।**

उपरोक्त सम्बन्धमा कोशी प्रदेश सरकारबाट जारी "स्थानीय सरकारी सेवा (गठन तथा संचालन) ऐन, २०८०" को दफा २७ को उपदफा (३) तथा लिखु पिके गाउँपालिकाको तह वृद्धि सम्बन्धी कार्यविधि, २०८२ को दफा ४ को उपदफा (१) तथा कार्यविधिको दफा ७ बमोजिम योग्यता पुगेका र यस गाउँपालिका गाउँ कार्यपालिकाको कार्यलय र मातहतका कार्यालयमा कार्यरत पुगेका स्थायी कर्मचारीहरुले यो सूचना प्रकाशन भएको मितिले ३० दिन भित्रमा तह वृद्धिका लागि देहायका कागजात सहित निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ।

**आवश्यक कागजातहरु:**

- सेवा अवधि पुष्टि गर्ने नियुक्ती/बढुवा / स्तरवृद्धि तहवृद्धिको प्रमाणित प्रतिलिपि,
- समायोजन भएको भए समायोजन भएको पत्रको प्रमाणित प्रतिलिपि,
- कम्तिमा तीन वर्षको कार्य सम्पादन मूल्याङ्कन फारम बुझाएको कार्यालयको नाम स्पष्ट खुलाई लेखिएको सक्कल निवेदन र कार्य सम्पादन मूल्याङ्कन फाराम
- विभागीय सजाय नपाएको, निलम्बनमा नरहेको र सेवा अवधि पुरा भएको विवरण खुलाई सम्बन्धित कार्यालयले गरेको सिफारिस पत्र,
- पेशा सम्बन्धी व्यवसायी परिषद्ले उपलब्ध गराउने प्रमाणपत्रको प्रमाणित प्रतिलिपि (आवश्यक हुनेको हकमा मात्र)
- सेवा समुहसँग सम्बन्धित न्यूनतम शैक्षिक योग्यता खुल्ने प्रमाणित कागजातहरुको प्रतिलिपि
- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- कार्यविधिको अनुसूची १ बमोजिमको ढाँचामा निवेदन,

..............
अग्नी प्रसाद पराजुली
प्रमुख प्रशासकिय अधिकृत

अग्नी प्रसाद पराजुली
प्रमुख प्रशासकीय अधिकृत

फोन नं. :- ०२५-६९७४५५, ईमेल : likhupikerm@gmail.com,info@likhupikemun.gov.np वेबसाइट :- www.likhupikemun.gov.np